बैठक नं. १३

आ.व. २०८१/०८२

आज मिति २०८२/०१/१४ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वड़ा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | पुष्पा कमारी रिजाल | ब.म.वि.अधिकृत | |
| ३ | सुमनराज रेग्मी | ब.लेखा अधिकृत | – |
| ४ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ५ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ६ | विवेक पोखरेल | ईन्जिनियर | |
| ७ | नरेश गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ८ | अक्षय वाग्ले | कृषि प्रसार अधिकृत | |
| ९ | जापसोट भुसाल | जि. आ. ह. वि. अधिकृत | |
| १० | विकास नरसिंह राणा | स. प्र. अ. | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

तेह्रौं कार्यपालिका बैठक

आ.व. २०८१/०८२

मितिः २०८२/०१/१४

समयः दिउसो १.०० बजे

स्थानः नगर कार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।
२. म्याद थप सम्बन्धमा।
३. विपद् व्यवस्थापन सम्बन्धमा।
४. स्यानेटरी प्याड सम्बन्धमा।
५. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृति सम्बन्धमा।
६. स्थानीय बिदा सम्बन्धमा।
७. सामी वडा सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धमा।
८. बजेट विनियोजन सम्बन्धमा।
९. गरिव घर परिवारको प्रारम्भिक सूचिमा परेका दावी विरोध तथा गुनासोहरुको विवरण अनुमोदन सम्बन्धमा।
१०. बालकोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।
११. पूर्व निर्मित भवनको नियमित अभिलेखिकरण कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।
१२. आ.व. २०८१/०८२ को दोश्रो चौमासिक खर्च जानकारी तथा अनुमोदन सम्बन्धमा।
१३. प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी अस्थायी क्रसर उद्योग सञ्चालन अनुमतिका लागि सिफारिस सम्बन्धमा।
१४. अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा।
१५. अध्ययन बिदा सम्बन्धमा।
१६. सेतापानी देखि वडा कार्यालय जाने पुलको भेरियसन सम्बन्धमा।
१७. दमार खानेपानी आयोजनाको जानकारी सम्बन्धमा।
१८. मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सवको खर्च अनुमोदन सम्बन्धमा।
१९. विविध
    - क. जग्गा वर्गिकरण सम्बन्धमा।
    - ख. जानकारी सम्बन्धमा।
    - ग. आर्थिक सहयोग सम्बन्धमा।
    - घ. सरसफाई शूल्क सम्बन्धमा।

ङ. करार नियुक्ती सम्बन्धमा।

च. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धमा।

छ. नदीजन्य पदार्थको प्रयोग सम्बन्धमा।

ज. पदपूर्ति समिति सम्बन्धमा।

झ. जग्गा खरिद सिफारिस समिति सम्बन्धमा।

निर्णय

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गरियो।

२. देहाय बमोजिमका निर्माण कार्यका आयोजनाहरुको ठेक्का सम्झौताको माग बमोजिम म्याद थप गर्ने।

| क..स. | ठेक्का नम्बर | योजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थपको लागि माग गरिएको समय |
|---|---|---|---|---|---|
| १ | 01/NCB/MB/WORKS /2081/2089 | ज्वाईथर तमासपुर सडक कालोपत्रे | २०८१/०७/०२ | २०८१/१२/३० | २०८२/१/३० |
| २ | 02/NCB/MB/WORKS /2081/2089 | बाबुराम चोकदेखि मदनपुर हुदै वडा नं. १ जाने सडक कालोपत्रे | २०८१/०६/१८ | २०८१/१२/३० | २०८२/१/३० |
| ३ | 04/NCB/MB/WORKS /2081/2089 | गिरुवारी खोला पुलदेखि मैनाघाट जाने | २०८१/०६/२१ | २०८१/१२/३० | २०८२/१/३० |

३. यस नगरपालिका भित्र वहाव क्षेत्र भएका गिरुवारी खोला र अरुणखोलामा बर्षातको समयमा आउने बाढी र पहिरोले खोला तटिय क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुको खेतवारी, घर घडेरी, सार्वजनिक पुल पुलेसा, सिँचाई कुलो लगायत अन्य भौतिक सम्पत्तिमा क्षति पुऱ्याइरहेको अवस्था छ। दुवै खोलामा बर्षेनी आउने वाढीले बगाई ल्याउने नदीजन्य पदार्थ एकै ठाँउमा थुप्रिन गई खोलाको सतह गाँउ वस्ती भन्दा उच्च हुन गई वर्षातको समयमा वाढी आई ठूलो धनजनको क्षति हुने सम्भावनालाई मध्यनजर गरी वर्षात अगावै उल्लिखित खोलामा च्यानलाइज गरी विपद् व्यवस्थापन गर्न वडा एवम् वस्तीहरुबाट माग भई आएकोले यस आ.व.मा ठेक्का स्वीकृत भएका

खण्डहरु लगायत विपद्को बढी जोखिम भई संबेदनशील रहेका देहायका खण्डहरुमा विपद व्यवस्थापन गर्न अनुमतिका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरी पठाउने।

देहायः

क. अरुणखोलाको द्वारदह, स्कुल टाँडी खण्ड

ख. अरुणखोला बतासा पुल तल माथि

ग. अरुणखोलाको गरम टोला खण्ड

घ. अरुणखोलाको सिसौघारी खण्ड, दाद्रा खण्ड, क्षेत्रीटाँडी सर्दी खोल्सा खण्ड

ङ. गिरुवारी खोलाको भिठ्ठा टिकुलीटार खण्ड

च. गिरुवारी खोलाको रानीटार झोलुङ्गे पुल तल माथि खण्ड

छ. गिरुवारी खोलाको आँखे ताल, सिद्धे बगर पटिया खण्ड

४. विद्यार्थीहरुलाई निशुल्क स्यानेटरी प्याड वितरणका लागि गत वर्षहरुमा स्यानेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यबिधि २०७६ को अनुसूचि १ बमोजिमको मापदण्ड अनुसार खरिद गरि वितरण गर्दा प्रयोगकर्ताहरुबाट प्याडको साईज सानो भएको र शोषण क्षमता कमी भएको भन्ने गुनासो आएको हुँदा स्थानीय तहस्तरीय स्यानेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सिफारिस भए अनुसार आ.व. २०८१।८२ मा विनियोजित बजेटबाट खरिद गर्दा उक्त कार्यबिधिमा उल्लेखित न्यूनतम मापदण्ड को सि.नं. ३ मा Lenth 285±5 र सि.नं. ४ मा Absorbency 45-50 ml कायम गरी अन्य मापदण्ड यथावत रहने गरी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गरी बितरण गर्ने।

५. नगर भित्रका जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई माध्यमिक तह र उच्च शिक्षाको प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ समन्यायिक पहुँचको अवसर अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने।

६. नगरपालिका भित्र रहेका समुदाय, जातजाती र तीनिहरुको संस्कृति, परम्परा र रितीरिवाजलाई मध्यनजर गर्दै आगामी वर्ष २०८२ मा देहाय बमोजिम स्थानीय बिदा दिने र सो को विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

क. हरितालिका तीजः- २०८२ भाद्र १० मंगलवार

ख. जितिया पर्वः- २०८२ भाद्र ३० सोमवार

ग. हरिबोधनी एकादशीः- २०८२ कार्तिक १५ शनिवार

घ. मगर दिवसः- २०८२ फाल्गुण १५ शुक्रवार

७. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको सिफारिस बमोजिम सामीको वडा सम्पर्क व्यक्तिलाई कार्यविवरण अनुरुप काममा खटिएको महिनाबाट लागु हुने गरी मासिक रुपमा यातायात खर्च वापत रु २०००/- र सञ्चार खर्च बापत रु ५००/- दिने।

८. गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा कृषि उद्यमशीलता तथा जैविक खेति परियोजना छनौट भई कार्यान्वयनमा रहेको हुदाँ नगरपालिकाबाट लागत सहभागिता गर्नुपर्ने ३० प्रतिशत रकम रु ३० लाख र खानेपानी तथा सरसफाई (वास) योजनालाई रु १ लाख ५० हजार समपुरक अन्य शिर्षकबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन गर्ने।

९. गरिव घर परिवारको प्रारम्भिक सूचिमा परेका दावी विरोध तथा गुनासोहरुको विवरण गुनासो सुनुवाई समितिको सिफारिस बमोजिम ११६४ जनाको अनुमोदन गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने।

१०. नगरपालिकामा विशेष संरक्षणको आवश्यकता भएका बालवालिकालाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, पारिवारिक पुनर्मिलन र आर्थिक सहयोग, गरी बालवालिकाको पुनस्थापना गर्ने उद्देश्यले तयार गरिएको बालकोष सञ्चालन कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने।

११. नगरपालिकामा घरनक्शा पास सम्बन्धी प्रक्रियामा नआएका, अनुमति नलिई संरचनामा हेरफेर भएका तथा भवन संहिता लागु हुनु पूर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्ने उद्देश्यले पूर्व निर्मित भवनको नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने।

१२. आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिक सम्मको वास्तविक आय र खर्चको विवरण कार्यपालिकामा जानकारी गराई सो खर्चको अनुमोदन गरियो।

१३. प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी बुटवल नारायणगढ सडक आयोजना कार्यालयको पत्र बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि प्रचलित कानुन बमोजिम देहायका घुम्ती अस्थायी क्रसर उद्योग सञ्चालन अनुमति प्रदान गर्नका लागि सम्बन्धित निकायहरुलाई सिफारिस गर्ने।

क. प्रणव कन्स्ट्रक्सन कम्पनी एण्ड सप्लायर्स प्रा.लि. भरतपुर-२०

ख. मेम्को इन्जिनियरिङ्ग प्रा.लि. ललितपुर-२ सानेपा

१४. मध्यविन्दु नगर अस्पताल र स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन कार्यविधि, २०७९ को देहायको पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने ।

मध्यविन्दु नगरपालिका "नगर अस्पताल र स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि-२०७९" (तीन महले)

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | २ | क | "अस्पताल" भन्नाले यस मध्यविन्दु नगरपालिकामा स्थापना भएर संचालन हुने अस्पताललाई सम्झनु पर्दछ । | मध्यविन्दु नगरपालिकाले संचालन गरेको मध्यविन्दु नगर अस्पताललाई सम्झनु पर्नेछ । | हाल नगर अस्पताल संचालन भईसकेकोले । |
| २ | २ | ख | "स्वास्थ्य संस्था" भन्नाले यस मध्यविन्दु नगरपालिकाबाट स्थापना भएर संचालन हुने आधारभुत स्वास्थ्य केन्द्र, उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाइ, शहरी स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालय तथा प्राथमिक स्वास्थ्य चौकी समेतलाई सम्झनु पर्दछ । | मध्यविन्दु नगरपालिकाले संचालन गरेका आधारभुत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाइ, शहरी स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र तथा मध्यविन्दु नगर अस्पताल समेतलाई सम्झनु पर्दछ । | नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था संरचनामा उप स्वास्थ्य चौकी हाल नरहेकोले हटाईएको र प्राथमिक स्वास्थ्य चौकी समेत नरहेकोले प्राथमिक स्वास्थ्य केन्द्र बनाईएको । |
| ३ | २ | घ | "स्वास्थ्य संयोजक" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनुपर्दछ । | "शाखा प्रमुख" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनुपर्दछ । | संरचनात्मक शब्द शाखा प्रमुख रहेकोले । |
| ४ | २ | च | "अस्पताल प्रमुख" भन्नाले अस्पताल संचालन तथा व्यबस्थापन समितिको सदस्य सचिवलाई सम्झनुपर्दछ । | "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक (मेडिकल सुपरिटेण्डेन्ट/मेडिकल अधिकृत) मध्ये नगर कार्यपालिकाको कार्यालयले तोकेको चिकित्सकलाई सम्झनुपर्दछ । | अस्पताल प्रमुख अस्पतालमा कार्यरत मेडिकल सुपरिटेण्डेन्ट/मेडिकल अधिकृत हुने भएकोले । |
| ५ | - | - | थप गरिएको | "व्यवस्थापक" भन्नाले अस्पताल व्यवस्थापकलाई सम्झनुपर्दछ । | नगर अस्पताललाई सहज रुपमा व्यवस्थापन गर्न आवश्यक भएकोले । |
| ६ | ६ | ६.१.९ | अस्पताल प्रमुख, मेडिकल सुपरिटेण्डेन्ट /मेडिकल अधिकृत - सदस्य सचिव | अस्पताल प्रमुख, मेडिकल सुपरिटेण्डेन्ट/मेडिकल अधिकृत - सदस्य | व्यवस्थापक पद थप भएकोले अस्पताल प्रमुखलाई सदस्यमा राखिएको। |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | |
|---|---|---|---|---|---|
| ७ | - | - | थप गरिएको | व्यवस्थापक - सदस्य सचिव (व्यवस्थापक रिक्त भएमा कार्यालय प्रमुखले नै सदस्य सचिवको रुपमा काम गर्नेछ ) | नगर अस्पतालको समग्र व्यवस्थापन व्यवस्थापकले नै गर्ने भएकोले सदस्य सचिवमा राखिएको। |
| ८ | १९ | - | यो कार्यविधि लागु भएका बखत देखि मध्यविन्दु नगरपालिका वडा नं ७ मा रहेको चोरमारा स्वास्थ्य चौकी स्तरोन्नती भइ मध्यविन्दु नगर अस्पतालको रुपमा सञ्चालन हुनेछ । | हटाईएको | चोरमारा प्राथमिक स्वास्थ्य केन्द्रबाट मध्यविन्दु नगर अस्पतालमा स्तरोन्नति भई सकेकोले ।दफा २ क मा उल्लेखित भई सकेकोले । |
| १० | २६ | - | थप गरिएको | २६.अस्पताल व्यवस्थापकको नियुक्ति सम्वन्धी व्यवस्था :-<br>(१) योग्यता प्राप्त उमेदवारहरुले व्यक्तिगत विवरणका साथमा अस्पताल विकासका लागि पञ्चवर्षिय कार्य योजना सहितको मार्गचित्र र प्रस्ताव पेश गर्नु पर्नेछ ।<br>(२) व्यवस्थापकको न्यूनतम योग्यता देहाय वमोजिम हुनु पर्नेछ:-<br>(क) नेपाली नागरिक भएको,<br>(ख) २१ वर्ष पुरा भई ५५ वर्ष ननाघेको, .<br>(ग) चिकित्सा विज्ञानमा MBBS वा सो भन्दा माथिको योग्यता हासिल गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नाकोत्तर हासिल गरेको .।<br>(घ) प्रचलित नेपाल कानून वमोजिम अयोग्य ठहर नभएको ।<br>(३) सरकारी वा निजी बिमा लागू भएको, अस्पतालमा | अस्पतालको समग्र विकासको लागि सक्षम् अस्पताल व्यवस्थापक<br><br>नियुक्तिका लागि । |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | |
|---|---|---|---|---|---|
| | | | मो | व्यवस्थापक वा सहायक व्यवस्थापकको रुपमा काम गरेको कम्तिमा एक वर्षको अनुभव भएको उमेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।<br>(४) उमेदवारहरुको योग्यता र निजले पेश गरेका मार्गचित्र तथा प्रस्ताव अध्ययन गरी अस्पताल व्यवस्थापन समितिले उपयुक्त प्रस्ताव पेश गर्ने उमेदवारलाई अस्पताल व्यवस्थापक छनोट गरी समितिको अध्यक्षले ३ वर्षका लागि नियुक्त गर्न सक्नेछ ।<br>(५) नियुक्त भएका व्यवस्थापकको काम सन्तोषजनक भएमा व्यवस्थापन समितिले आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।<br>(६) व्यवस्थापकको पारिश्रमिक तथा सेवा सुविधा स्थानीय तहको अधिकृत सातौ तहका लागि तोकेको शूरु स्केल भन्दा कम नहुने गरी मासिक रुपमा अस्पतालले उपलब्ध गराउनु पर्नेछ ।<br>(७) उपदफा (६) मा जेसुकै लेखिएको भएता पनि कार्य घण्टाको आधारमा थप पारिश्रमिक वा अन्य सेवा सुविधा दिनु परेमा अस्पतालको आन्तरिक आयका आधारमा व्यवस्थापन समितिले थप गर्न सक्नेछ ।<br>(८) व्यवस्थापकको कार्य विवरण सम्झौतासँगै व्यवस्थापन पक्षले उपलब्ध गराउनु पर्नेछ ।<br>(९) व्यवस्थापकले प्रचलित कानून वमोजिम तोकिएको आचरण पालन गर्नु पर्नेछ ।<br>(१०) व्यवस्थापकले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा | |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | | तालिका (Duty Roaster )तयार गर्न तथा गराउन उचित आदेश दिने,<br>(ज) अस्पतालमा सुरक्षित तथा उपर्युक्त कार्य वातावरण निर्माण गर्ने,<br>(झ) अस्पतालको भौतिक सम्पतिको अभिलेख व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्ने गराउने,<br>(ञ) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्वास्थ्य कार्यक्रमको गुणस्तरीय कार्यान्वयनको प्रबन्ध मिलाउने,<br>(ट) स्वास्थ्य सेवामा अनुशासन, जनसहभागिता र जवाफदेहिता सुनिश्चित गर्ने र सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहजीकरण गर्ने,<br>(ठ) विधुतीय स्वास्थ्यको अवधारणा कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,<br>(ड) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गराउने र वार्षिक रुपमा लेखा परीक्षण गराउने,<br>(ढ) मासिक तथा वार्षिक प्रतिवेदन तोकिए बमोजिम समिति तथा कार्यालयमा पेश गर्ने,<br>(ण) अस्पताल व्यवस्थापन तथा सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,<br>(त) समितिको सदस्य-सचिव भई काम गर्ने,<br>(थ) कार्यालयले तोके बमोजिम अन्य काम गर्ने। |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | |
|---|---|---|---|---|---|
| | | | | वा बार बार आचरण उलङ्घन गरेमा अस्पताल व्यवस्थापन समितिले सेवाबाट हटाउन सक्नेछ । यसरी सेवाबाट हटाउनु परेमा अनिवार्य रुपमा सुनुवाईको मौका दिनु पर्नेछ । | |
| ११ | २७ | - | थप गरिएको | **अस्पताल व्यवस्थापकको काम, कर्तव्य र अधिकार :-** अस्पताल व्यवस्थापकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) अस्पतालको प्राविधिक, प्रशासनिक निर्देशन दिने र अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति, योजना बजेट तथा कार्यक्रमको मस्यौदा तर्जुमा गरेर समितिमा पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने,<br>(ख) अस्पतालको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने,<br>(ग) आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवाको राष्ट्रिय मापदण्ड कार्यान्वयन गर्ने गराउने,<br>(घ) अस्पतालबाट प्रवाह हुने सेवाहरुको अनुगमन तथा समीक्षा गरि निरन्तर सुधार गर्ने,<br>(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्न प्रस्ताव तयार गरि समितिमा पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,<br>(च) अस्पतालको मानव श्रोत व्यवस्थापनका लागि आवश्यक काम गर्ने,<br>(छ) अस्पतालबाट सेवा प्रवाहका लागि कमचारीको कार्य | अस्पताल व्यवस्थापकको कार्य विवरण स्पस्ट पार्न । |

१५. नगरपालिकामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीलाई नगर कार्यपालिकाको मिति २०८१/४/११ को बैठक निर्णयबाट अध्ययन पूर्व स्वीकृति र २०८१/०८/०९ को बैठक निर्णयले बेतलवी अध्ययन बिदा स्वीकृत गरेकोमा उक्त निर्णय संशोधन गरी देहायका कर्मचारीहरुको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ को उपनियम ४ बमोजिम तलवी अध्ययन बिदा स्वीकृति गर्ने।

| क्र.सं. | कर्मचारीको नामथर | क.सं. नं. | अध्ययनको विषय | अध्ययन अवधि | बिदा स्वीकृत | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १ | निशा न्यौपाने | २२५००४ | BNS | ३ वर्ष | २०८१/१०/९ | २०८४/१०/८ |
| २ | राम प्रसाद पाण्डे | २१११६६ | BPH | ४ वर्ष | २०८१/१०/१० | २०८५/१०/९ |
| ३ | यम नारायण थनेत | २२४५३७ | BPH | ४ वर्ष | २०८१/१०/६ | २०८५/१०/५ |

१६. सेतापानी देखि वडा कार्यालय जाने सडक पुल ठेक्का नं. 05/NCB/MB/WORKS/2081/82 को डि.पि. आर. बमोजिम दुई पाङ्ग्रे सवारी साधन आवतजावत गर्न मिल्ने गरी बोलपत्र आह्वान भई सम्झौता भएकोमा वडा नं. १ को कार्यालयको च.नं. ९५५ मिति २०८१/०९/१२ मा उक्त पुलबाट हलुका सवारी साधन चल्न सक्ने गरी निर्माण कार्य अगाडी बढाउन भनी सिफारिस आएकोमा सम्बन्धित परामर्शदातालाई डिजाइन संशोधन गर्नका लागि पठाइएको र उक्त परमर्शदाताबाट संशोधन भई आएको डिजाइन अनुसारको निर्माण कार्य गर्दा सम्झौता रकममा बृद्धि हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ बमोजिम भेरीयसन आदेश स्वीकृत गर्ने।

१७. पूर्वाधार विकास समितिबाट दमार खानेपानी आयोजनाको हालसम्मको अवस्थाको विषयमा तयार भएको प्रतिवेदन माथि छलफल गरियो।

१८. २०८१ फाल्गुण २२ गते देखि २४ गते सम्म सञ्चालन गरिएको मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सवको कुल खर्च रु.२६,२५,३३२।/- अनुमोदन गर्ने। महोत्सवमा सहभागिता जनाउने नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, संघ संस्थाहरुबाट उपलब्ध गराउने भनिएको रकम माग गर्ने। साथै सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, संघसंस्था, विद्यालय, उद्योगी, व्यवसायी, कृषक एवम् नगरवासीलाई कार्यक्रममा सक्रिय सहभागी भएकोमा धन्यवाद ज्ञापन गर्ने।

१९. विविध

क. नगरपाललिकाले भु-उपयोग योजना निर्माण गरी कार्यान्वयनमा आईसकेको अवस्थामा अहिले पनि कहिँकतै जग्गा वर्गिकरणमा छुट भएको र संशोधन गरी पाँउ भनि वडा कार्यालयहरुबाट सिफारिस गरी पठाउने गरेको हुदाँ वडा कार्यालयले सिफारिस गर्नुपूर्व भु-उपयोग योजना बनाउने बेलामा सम्बन्धित व्यक्तिले भरेको फारम रुजु गरी सोको छाँयाकपी सहित मात्र पठाउने निर्णय गरियो।

ख. नगरपालिकाबाट सम्पादित हुने र कार्यान्वयन हुन लागेका कार्यक्रम/योजना तथा सूचनाहरु सम्बन्धित महाशाखा/शाखा/इकाईले वडा कार्यालयमा जानकारी गराउने।

ग. यस नगरपालिकामा ट्रिपर ड्राइभरको रुपमा कार्यरत छविलाल न्यौपानेको श्रीमती पार्वती अधिकारी न्यौपाने क्यान्सर पिडित भई उपचारको क्रममा मृत्यु भएकोले निजको परिवारलाई रु ५० हजार आर्थिक सहयोग गर्ने।

घ. मिति २०८१/१०/२७ गतेको आठौं कार्यपालिका बैठक निर्णय अनुसार सरसफाईं प्रवर्द्धन कार्यक्रम कार्यान्वयन भएका सबै वडाका सदस्यहरुलाई वार्षिक/मासिक सरसफाई शुल्कको जरिवानामा चैत्र मसान्त सम्म छुट दिने भनिएकोमा उक्त छुटलाई असार मसान्त सम्म थप गर्ने।

ङ. मध्यविन्दु नगर अस्पतालमा मेडिकल अधिकृत दरवन्दीमा कार्यरत प्रकाश खनालको मिति २०८१/१२/३१ बाट लागु हुने गरी राजिनामा स्वीकृत भएकोले उक्त रिक्त रहेको पदमा विज्ञापन नं. ७ मिति २०८१/०८/२८ मा प्रकाशित सेवा करार सम्बन्धी सूचना बाट बैकल्पिक उम्मेदवारको रुपमा रहेका डा.समिर शर्मा नाम्दु-४ दोलखा ठेगाना भएकालाई नगरपालिकाबाट करार सम्झौता गरी काममा खटाउने।

च. मध्यविन्दु नगरपालिकाको वडा नं. ११ अन्तर्गत विभिन्न व्यक्तिहरुको निजी जग्गामा रहेका ढुङ्गा उत्खनन् तथा बिक्री वितरण गर्नका लागि युनिभर्सल ए.एण्ड डि. कन्स्ट्रक्सन प्रा. लि. टोखा -८ बानियाटार काठमाण्डौंको नाममा नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैडाकोटले तयार गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने।

छ. आगामी नगरसभाबाट अनुमोदन हुने गरी ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा ६ बमोजिम नगरपालिकाले आफै सञ्चालन गर्ने आयोजनाको लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थ शूल्क नलिई उपलब्ध गराउने।

ज. नगरपालिकामा नगर प्रहरी हवल्दारको पद रित्त रहेकोले उक्त पदमा पदपूर्ति गर्नका लागि नगर प्रहरी ऐन, २०७९ को दफा १० बमोजिम देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्ने। साथै यस अघि विज्ञापन भएका पदहरुमा समेत यही समितिले कार्य गर्ने।

देहायः

संयोजकः श्री विपिन क्षेत्री प्रमुख प्रशासकीय अधिकृत

सदस्यः श्री पदमराज आचार्य उपसचिव

सदस्यः श्री सुमनराज रेग्मी बरिष्ठ लेखा अधिकृत

सदस्यः श्री जयसोर भुसाल सि.अ.हे.व.. अधिकृत छैठौं

सदस्य सचिवः श्री भोलानाथ शर्मा पौडेल प्रशासकीय अधिकृत

झ. यस नगरपालिकाको ८ नं. वडा कार्यालय भवनको अन्य पुर्वाधार निर्माण गर्न जग्गा आवश्यक भई सोही वडा कार्यालयको चौहद्दी सेरोफेरोमा रहेको जग्गा खरिद प्रकृया अगाडि बढाउन नगर उपप्रमुख श्री पूर्णकला चौधरी ज्यूको संयोजकत्वमा देहायका सदस्य रहने गरी देहायको जग्गा खरिद सिफारिस समिति गठन गर्ने। साथै उक्त समितिलाई आवश्यक पर्ने उपयुक्त जग्गाको सम्बन्धमा छलफल एवम् जग्गा प्राप्तिको लागि सिफारिस गर्न पूर्ण अधिकार दिने।

संयोजकः श्री पूर्णकला चौधरी नगर उपप्रमुख (संयोजक )

सदस्यः श्री पर्शुराम महतो वडाध्यक्ष वडा नं. ८ (सदस्य)

सदस्यः श्री अर्जुन प्रसाद पङ्गेनी वडाध्यक्ष वडा नं. १३ (सदस्य)

सदस्यः श्री शिव कुमारी मल्ल कार्यपालिका सदस्य (सदस्य)

सदस्यः श्री सुन्दर देवकोटा वडासदस्य (सदस्य)

अन्य उपस्थितिः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| २ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ३ | विवेक पोखरेल | ईन्जिनियर | |
| ४ | नरेश गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ५ | अक्षय वाग्ले | कृषि प्रसार अधिकृत | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |